"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ,

प्रदेश नम्बर १, नेपाल ।

पत्र संख्या : २०७६।०७७
चलानी नम्बर : ११५१

मिति : २०७७।०३।१०

**विषय : करार सेवामा प्राविधिक कर्मचारी लिने सम्बन्धी सूचना ।**

यस गाउँपालिकाका लागि तपसिलमा उल्लिखित प्राविधिक कर्मचारीहरु करार सेवामा राख्ने भनी सिरीजङ्घा गाउँ कार्यपालिकाको मिति २०७७।०३।०८ गते बसेको बैठकले निर्णय गरेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र एक हजार रुपैंया राजस्व तिरेको रसिद सहित सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङमा दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| विज्ञापन.नं. | करार सेवामा माग गरिएको पदको विवरण | माग पद संख्या | करार अवधि | उपलब्ध गराइने न्युनतम सेवा सुविधा | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १६।०७६।०७७ | इन्जिनियर (सिभिल) | एक | स्थायी कर्मचारीको व्यवस्था नहुञ्जेलसम्म वा एक वर्ष । | अधिकृत छैठौं तहले पाउने न्युनतम सेवा सुविधा | सिभिल इन्जिनियरिङ विषयमा मान्यता प्राप्त शिक्षण संस्था बाट स्नातक उत्तीर्ण । |
| १७।०७६।०७७ | कृषि अधिकृत (बाली विज्ञान तर्फ) | एक | "" | अधिकृत छैठौं तहले पाउने न्युनतम सेवा सुविधा | बाली विज्ञान (कृषि) विषयमा मान्यता प्राप्त शिक्षण संस्था बाट स्नातक उत्तीर्ण । |

**आवेदक छनोटका मापदण्ड**

**क. न्युनतम शैक्षिक योग्यता वापत् - ६० (साठी) अंक,**
(यस खण्डको प्रयोजनका लागि विशिष्ट श्रेणी वापत् ५५ अंक, प्रथम श्रेणी वापत् ५० अंक, द्धितीय श्रेणी वापत् ४५ अंक, तृतीय श्रेणी वापत् ४० अंक प्रदान गरिनेछ । तर, न्युनतम शैक्षिक योग्यतामा माथिल्लो पदको लागि आवश्यक पर्ने शैक्षिक योग्यता पेश गरेका उम्मेद्‌वारलाई सो वापत् थप ५ अंक प्रदान गरिनेछ)

**ख. कार्य अनुभव वापत् - १० (दश) अंक,**
(प्रति वर्ष २ अंकका दरले बढीमा ५ वर्षसम्मको लागि मात्र प्रदान गरिनेछ । तर, यसका लागि कार्य अनुभव प्रमाणित कागजात पेश भने गर्नु पर्नेछ)

**ग. स्थायी ठेगाना वापत् - १० (दश) अंक,**
(सिरीजङ्घा गाउँपालिका निवासी भए १० अंक, सिरीजङ्घा बाहेक ताप्लेजुङ जिल्ला निवासी भए ८ अंक, ताप्लेजुङ जिल्ला बाहेक अन्य जिल्लाबासी भए ६ अंक प्रदान गरिनेछ)

**घ. अन्तर्वार्ता वापत् - २० (बीस) अंक प्रदान गरिनेछ ।**

यसका अतिरिक्त अन्य विषय **सिरीजङ्घा गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४** बमोजिम हुनेछ ।

आवेदन फारम गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकबाट प्राप्त गर्न सकिनेछ । र, यस विषयमा थप जानकारी बुझ्नु परेमा कार्यालयका कम्प्युटर अपरेटर श्री उज्वल श्रेष्ठ (सम्पर्क नं. ९८४२६३८६२७) सँग बुझ्न सकिनेछ ।

२०७७।०३।१०

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

ईमेल: sirijangharuralmunicipality@gmail.com
वेभसाईट : www.sirijanghamun.gov.np